सर्वोच्च अदालत, एक न्यायाधीशको इजलास
मानननीय न्यायाधीश श्री तेजबहादुर के.सी.
<u>आदेश</u>
०७६-WO-०९५७
विषयः-उत्प्रेषण।

अधिवक्ता सन्तोष भण्डारी समेत ---------------------------------------------------------- निवेदक

विरुद्ध

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय काठमाडौ समेत ------------------------------- विपक्षी

निवेदकहरुको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताहरु डा. श्री दिनेश त्रिपाठी, श्री गोपालकृष्ण घिमिरे तथा विद्वान् अधिवक्ताहरु श्री सुरेन्द्र विक्रम के.सी., डा. पुण्यप्रसाद खतिवडा, श्री खम्म बहादुर खाती, श्री अजयशंकर झा, श्री कीर्तिनाथ शर्मा पौडेल, श्री विकास भट्टराई, श्री पंकजकुमार कर्ण, श्री अनन्तराज लुईटेल, श्री पुष्पराज पौडेल, श्री छविलाल घिमिरे श्री पारसमणि भट्टराई, श्री दिपक विक्रम मिश्र, श्री ज्ञानेन्द्रराज आरण, श्री विष्णुप्रसाद भण्डारी, श्री दिपक दुवे, श्री प्रवल सिन्धु गुप्त, श्री सन्तोष भण्डारी, श्री सुजन नेपाल, श्री शैलेन्द्र अम्वडेकर, श्री रगेन्द्रमान सिंह प्रधान, श्री प्रतिभा उप्रेती, श्री कमला कोइराला, श्री लक्ष्मी (नानी) थापा र श्री नवराज पाण्डेले गर्नु भएको बहस समेत सुनियो।

यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो? माग बमोजिमको आदेश जारी हुनु नपर्ने कुनै आधार कारण भए सवुद प्रमाण सहित म्याद सूचना पाएका मितिले बाटाका म्यादवाहेक १५ दिनभित्र विपक्षीहरुले महान्यायाधिवक्ताको कार्यालय मार्फत लिखितजवाफ पेश गर्नु भनी यो आदेश र निवेदनको प्रतिलिपी समेत साथै राखी विपक्षीहरूका नाममा म्याद सूचना जारी गरी लिखितजवाफ परे वा अवधि नाघे पछि नियमानुसार गरी पेश गर्नू ।

अन्तररिम आदेश माग भएको सम्बन्धमा बिचार गर्दा, निवेदन साथ संलग्न रहेको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट मिति २०७७।२।२ मा आर. डी. टी. परीक्षणबाट परीक्षण गर्ने अनुमति दिने सम्बन्धी अन्तरिम निर्देशिका, २०७७ को बुँदा (८) मा **"आर.डी.टी. परीक्षणको शुल्क खरिद मूल्यको २०% (बीस प्रतिशत) नबढने गरी लिन पाउने छ"** भन्ने व्यवस्था गरेको छ भने सोही मन्त्रालयले जारी गरेको जरुरी सूचनामा **"निशुल्क परीक्षण गराउने कि सशुल्क परीक्षण**

**गराउने भन्ने व्यक्तिको इच्छामा भर पर्ने कुरा हो"** भनी उल्लेख भएको हुँदा उक्त नीतिगत बुँदा हाल समाजिक न्यायको दृष्टिकोणबाट वार्षिक दुई लाख सत्तरी हजार भन्दा कम आय भएका, गरीवीको रेखा मुनी भएका, देशको भूमि सिमाबाट लुकिछिपी र समूहगत रुपमा प्रवेश गरी कोरोनाको जोखिममा परेका समूहका व्यक्ति, सोको लक्षण देखिएका जिल्ला भित्रको कुनै क्षेत्रका समूहका व्यक्तिहरु र भारत वाहेक तेश्रो मुलुक विदेशबाट आउने वार्षिक रुपमा रु. सात लाख असी हजार भन्दा कम आय भएका श्रमिक वर्गहरुको लागि उक्त नीति सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ (२) (१) बमोजिम तत्काल कार्यान्वयन नगरी यथास्थितिमा राखी अन्य बाकी क्षेत्र र विषय वस्तुको सन्दर्भमा उपरोक्त निर्देशिका एवं सूचना नेपालको संविधानको धारा ३५, ४२, ५१ को (ज) को (६) र संक्रामक रोग ऐन, २०२० र जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ३(४) को सन्दर्भमा के कस्तो अवस्था, परिस्थिति र तहका जनताको लागि के के आधारहरुमा उक्त नीति ल्याउन लागेको र कार्यान्वयन हुने हो ? सो सन्दर्भमा दुवै पक्षलाई राखी छलफल गर्न उपयुक्त हुने देखिंदा सोको छलफलको लागि सो क्षेत्रमा आफ्नो नीतिगत कुरा लिखित रुपमा नै लिई मिति २०७७।२। १८ गतेका दिन आउनु भनी प्रत्यर्थीहरुलाई म्याद सूचना जारी गरी हाजिर भए वा गुजारे पछि नियमानुसार पेश गर्नू ।

न्यायाधीश

इति सम्वत् २०७७ साल जेठ १३ गते रोज ३ शुभम्.................................................।